# याङवरक गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

फोन नं.: ०२४-४१००४८
(अध्यक्ष),

मेदिबुङ, थर्पु,पाँचथर
१ नं. प्रदेश, नेपाल


प.सं. : २०७४/०७५
च.न.

मिति : २०७४/११/१५

विषय :- सिलबन्दी दरभाउपत्र आव्हानको सुचना ।

प्रथम पटक सूचना प्रकाशित मिति : २०७४/११/१५

यस गाउँपालिका भित्रका विभिन्न स्वास्थ्य चौकीहरुमा नेपाल सरकारबाट निशुल्क वितरणका लागि सूचीकृत सम्पूर्ण प्रकारका औषधी र थप अन्य औषधी वितरण गर्न खरिद गर्नुपर्ने भएको हुँदा इच्छुक उत्पादक कम्पनी तथा अधिकृत विक्रेता/सप्लायर्स फर्महरुले निम्न शर्तहरुको अधिनमा रही सिलबन्दी दरभाउपत्र पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ ।

तपशिल :

१. सिलबन्दी दरभाउपत्र खरिद गर्न गत आ.व. मा नविकरण सहितको इजाजत पत्र, कर चुक्ता प्रमाणपत्र, आयकर तथा मू.अ.करमा दर्ता भएको प्रमाणपत्रहरुको प्रतिलिपि संलग्न राखी निवेदन दिई नियमानुसार लाग्ने दस्तुर रु. १०००।- (एक हजार रुपैयाँ मात्र) पछि फिर्ता नहुने गरी बुझाई यस कार्यालयबाट खरिद गर्न सकिनेछ ।

२. यो सूचना ब्लाष्ट टाइम्स राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित भएको मितिले १५ औं दिन सम्ममा कार्यालय समयभित्र दरभाउपत्र प्रस्तावना फाराम खरिद गरी १६ औं दिनको १२:०० बजेभित्र यस कार्यालयमा दाखिला गरिसक्नु पर्नेछ । सो दिन सार्वजनिक विदा परेमा सम्पूर्ण कार्यहरु सो को भोलिपल्ट हुनेछ ।

३. सिलबन्दी दरभाउपत्र पेश गर्दा दरभाउपत्रदाताको ग्राह्यता सम्बन्धि आधार प्रमाणित गर्ने सम्पूर्ण कागजातहरुको प्रमाणित प्रतिलिपी समेत अनिवार्य रुपमा पेश गर्नुपर्ने छ ।

४. सिलबन्दी दरभाउपत्र फाराम राखिएको खाम बाहिर उत्पादक कम्पनी तथा अधिकृत विक्रेता/सप्लायर्स फर्मको नाम लेखि सिलबन्दी गरिएको हुनुपर्नेछ

५. यसरी दर्ता हुन आएका सिलबन्दी दरभाउपत्र १६ औं दिनको २:०० बजे कार्यालयको प्रतिनिधिहरु र सिलबन्दी प्रस्तावना-पत्र दाताहरुको रोहवरमा खोलिनेछ । सिलबन्दी प्रस्तावनापत्र दाताहरु अनुपस्थित रहेमा पनि खोल्न बाधा पर्ने छैन ।

६. सिलबन्दी दरभाउपत्र पेश गर्नेले धरौटी रकम वापत यस कार्यालयको नाममा ने.बैं.लि.फिदिमस्थित धरौटी खाता नं.०६७०३०००००००००३००००५ मा वा सप्तकोशी डेभलपमेन्ट बैंक थर्पु स्थित धरौती खाता नं. ०१००००००२७००१ मा दाखिला गरेको सक्कलै बैंक भौचर वा यस कार्यालयको नाममा नेपाल सरकारबाट मान्यता प्राप्त बैंकबाट ७५ दिनको मान्य अवधि रहने गरी जारी भएको बैंक जमानत (बैंक ग्यारेण्टी) पेश गर्नु पर्नेछ ।

७. सिलबन्दी दरभाउपत्र स्वीकृत भएपछि स्वीकृत सिलबन्दी दरभाउपत्रदाताले खरिद सम्झौता गर्दा कबोल गरेको अङ्को सार्वजनिक खरिद नियमवाली २०६४ को नियम ११० वमोजिम हुन आउने धरौती रकम वा नगद जम्मा गरेको सक्कलै बैंक भौचर वा यस कार्यालयको नाममा मान्यता प्राप्त बैंकले जारी गरेका कार्य सम्पादन जमानत ( परफरमेन्स वण्ड) पेश गरी सिलबन्दी दरभाउपत्र स्वीकृत भएको ७ (सात) दिन भित्र सम्झौताको लागि यस कार्यालयमा उपस्थित हुनुपर्नेछ ।

८. सिलबन्दी दरभाउपत्रमा उल्लेखित परिमाणको औषधी गाउँ कार्यपालिकाको कार्यालय, मेदिबुङ, थर्पु, पाँचथरको गोदाम सम्म ढुवानी गर्नुपर्नेछ ।

९. कबोल रकम सिलबन्दी दरभाउपत्रमा उल्लेख गर्दा तोकिए बमोजिम उल्लेख गर्नुपर्नेछ । अङ्क र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ ।

१०. कुनै शर्त राखी पेश गरिएको सिलबन्दी दरभाउपत्र स्वीकार गर्ने वा नगर्ने सम्पूर्ण अधिकार कार्यालयमा सुरक्षित रहनेछ ।

११. सूचनाको शर्त विपरित भएको, कार्यालयबाट उपलब्ध गराएको दरभाउपत्र फाराममा कुनै थपघट गरिएको, रीत नपुगेको, म्याद नाघी पेश हुन आएको दरभाउपत्र उपर कुनै कारवाही गरिने छैन ।

१२. सूचनामा उल्लेख भएकोमा सोही बमोजिम र अन्य विषयको हकमा सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली ( संशोधन सहित), २०६४ बमोजिम हुनेछ ।

१३. यस सम्बन्धमा थप कुरा बुझ्नु परेमा फोन नं. ०२४-४१००४९, ९८५२६८६६९९ र ९८०७०९०५८२ मा सम्पर्क राख्न सक्नु हुनेछ ।

१४. खरिद गरिने औषधी र औषधीजन्य सामाग्रीको स्पेशिफिकेशन सम्बन्धी विवरण विड डकुमेन्टमा संलग्न राखिनेछ ।

१५. उल्लेखित सूचनामा आवश्यक कुराहरु संशोधन गर्नुपर्ने भएमा कार्यालयको सूचना पाटीमा टाँस गरिनेछ ।

| ठेक्का नं. | कामको विवरण | मू.अ.क. र ढुवानी समेत ल.ई रकम रु | धरौटी रकम रु | कैफियत |
|---|---|---|---|---|
| YRM/SQ/G/09-2074-075 | औषधी आपूर्ति | १०,००,०००।- | ३०,०००।– र ७५ दिनको म्याद रहेको | |

डम्बर बहादुर ...
प्रमुख प्रशासकीय अधिकृत